कलैया उपमहानागरापालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड २ संख्या १ मिति २०७९/३/२४

भाग २

कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

## नियमित वा अभिलेखीकरण सम्बन्धी भवन मापदण्ड, २०७७

(संशोधित २०७९)

संशोधन

(पहिलो संशोधन), २०७९ २०७९/३/१७

### (१) भवन निर्माण सम्बन्धमा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३३ बमोजिम मापदण्डले तोकेको भन्दा बढी निर्माण काम भएको संरचनाको नियमित वा अभिलेखिकरण गर्ने प्रावधानलाई थप प्रष्टता गर्नु पर्ने आवश्यक भएकोले सोही मापदण्डको दफा ४२ बमोजिमको अधिकार प्रयोग गरी कलैया उपमहानगरपालिकाको पाँचौ नगर सभाबाट निर्णय भए अनुसार देहाय बमोजिम गर्ने निर्णय गरियो ।

कलैया उपमहानगरपालिकाद्धारा मिति २०७५।१२।३० गते राजपत्रमा प्रकाशित “प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ ” बमोजिम कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरी लागु गरेको छ ।

(क) कलैया उपमहानगरपालिका क्षेत्रभित्र बनेको संरचनाहरुको हकमा मात्र यो लागु हुनेछ ।

(ख) माथि उल्लेखित अनुसारको संरचनाहरुको नियमित वा अभिलेखिकरणका लागि कार्यालयले २०७९ श्रावन मसान्त भित्र सार्वजनिक सूचना प्रकाशन गरिसकनुपर्नेछ । सो बमोजिम सम्बन्धित घरधनीहरुले सम्पूर्ण कागजात प्रमाण पत्र र नक्सा समेत राखी २०७९ चैत समान्त सम्म कलैया उपमहानगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

(ग) समयावधि भित्र पर्न आएका आवेदनहरुको भवन निर्माण ईज्जाजत शाखाले प्राविधिक जाँचबुझ गरी सडक मापदण्ड भए नभएको जाँचबुझ गर्ने र सडक मापदण्ड बमोजिम नभएको भए सडक मापदण्ड बमोजिम संरचनालाई नक्सामा कटा गरी प्राविधिक प्रतिवेदन बमोजिम नक्सा पास गरिनेछ ।

(घ) सार्वजनिक पर्ती, मन्दिर, सांध संधियारको जग्गा, सडक चौक, धर्मशाला र खोलाको जग्गा मिचि बनाएको निजी संरचनाको प्रमाणीकरण गरीने छैन ।

(ङ.) भवन निर्माण प्रमाणीकरण गर्नु अघि चालु आ. ब. २०७९।८० सम्म बुझाउनु पर्ने मालपोत, सम्पत्ति कर, बहाल कर , व्यवस्थापन कर तथा अन्य आवश्यक कर तिरेको निस्सा पेश गर्नु पर्नेछ ।

(च) अब उप्रान्त नक्सा पास नगरी सो भन्दा बढी तला थप वा घर निर्माण विस्तार गर्न दिईने छैन । मापदण्ड भन्दा बढी निर्माणको प्रमाणीकरण भएता पनि उपमहानगरपालिकाले आदेश दिएको बखत भत्काउने छु भनि कबुलियत गराई सो को सनाखत गरी अभिलेखिकरण गर्नु पर्नेछ ।

(छ) प्रचलित मापदण्ड विपरीत निर्माण भएको भवनलाई निर्माण प्रमाणित गरेकै आधारमा नेपाल सरकार, प्रदेश सरकार वा कलैया उपमहानगरपालिकाबाट कानुन बमोजिमको कारवाही गर्न बाधा पुगेको मानिने छैन ।

(ज) भवन निर्माण प्रमाणित प्रमाण पत्र अंशवन्डा, बेचविखन , हक हस्तान्तरण, बैंक प्रयोजन, बिमा प्रयोजन र बहाल सम्झौता प्रयोजन लगायतका कामका लागि मान्य हुने विषय सम्बन्धित निकायमा पत्राचार गरिनेछ ।

(झ) यस कार्यालयबाट भवन निर्माण अनुमति लिई म्याद भित्र भवन निर्माण सम्पन्न नलिएको भवनहरुको हकमा हालको सडक मापदण्ड बमोजिम नियमित वा अभिलेखिकरण गर्नु पर्नेछ ।

**(२) यस नगरपालिकाको २७ वटै वडाहरुको हकमा १०० प्रतिशत थप दस्तुर लिई नियमित निर्माण सम्पन्न वा अभिलेखिकरण प्रमाण पत्र उपलब्ध गराइनेछ ।**

२०७९/३/२३

आज्ञाले,
नाथु साह
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७९/३/२३